**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

बिहारका मुख्य निर्वाचन अधिकारी विनोद सिंह गुन्जियालले पटनाको राजभवनमा राज्यपाल आरिफ मोहम्मद खानलाई २४३ नवनिर्वाचित विधायकहरूको सूची हस्तान्तरण गर्नुभएको छ ।

२.गृहमन्त्री अमित शाहले आज हरियाणाको फरिदाबादमा उत्तरी क्षेत्रीय परिषदको बैठकको अध्यक्षता गर्नुहुनेछ।

३.राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले लाल किल्ला कार विस्फोट प्रकरणमा कश्मीरी नागरिक आमिर रशीद अलीलाई दिल्लीबाट पक्राउ गरेको छ ।

**४.दुबई एयर शो आज सयुक्त अरब अमिरात -युएईमा सुरु भइरहेको छ । यस दुई दिवसीय प्रतियोगितामा भारतले आफ्नो रक्षा शक्ति प्रदर्शन गर्नेछ।**

५.मौसम बिभागले तमिलनाडु, पुदुच्चेरी, कराइकल, आन्ध्र प्रदेश, केरला र माहेमा आज भारी देखि धैरै भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ ।

६.भारतीय तीरंदाज कुशल दलालले लक्जेम्बर्गमा जारी जीटी ओपन इन्डोर वर्ल्ड सिरिजको पुरुष कम्पाउन्ड वर्गको उपाधि जितेका छन् ।

**<u>संशो बिहार चुनाव परिणाम - सीईओ</u>**

बिहारका मुख्य निर्वाचन अधिकारी विनोद सिंह गुन्जियालले पटनाको राजभवनमा राज्यपाल आरिफ मोहम्मद खानलाई २४३ नवनिर्वाचित विधायकहरूको सूची हस्तान्तरण गर्नुभयो। राज्यमा विधानसभा चुनावको परिणाम घोषणा भएको दुई दिनपछि यो कदम चालिएको हो। यो सूचीमा एनडिएबाट २०२, महागठबन्धनका ३४, एआईएमआईएम, इन्डियन इन्क्लुसिव पार्टी र बहुजन समाज पार्टीका सहित नवनिर्वाचित विधायकहरू रहेका छन् ।

यसैबीच, निर्वाचन आयोगले चुनाव र उपचुनावपछि बिहार, छ राज्य र एक केन्द्र शासित प्रदेशबाट आदर्श आचार संहिता हटाएको छ। आयोगले यस सम्बन्धमा केन्द्र सरकारका क्याबिनेट सचिव र सम्बन्धित राज्यहरूका मुख्य सचिवहरूलाई पत्र लेखेका छन्।

बिहार विधानसभा चुनावमा , छ राज्यहरु र एक केंद्र शासित प्रदेशका आठ निर्वाचन क्षेत्रहरुको उपचुनावको कार्यक्रमको घोषणापछि आदर्श आचार संहिता लागू गरिएको थियो । बिहार विधानसभा चुनावको लागि दुई चरणहरुमा छ र 11 नवंबरमा मतदान गरिएको थियो । राजस्थान, तेलंगाना, ओडिशा, पंजाब, झारखंड, मिजोरम र जम्मू-कश्मीरका आठ सीटहरुमा उपचुनाव 11 नवंबरमा भएको थियो ।

**<u>बिहार विधानसभा चुनाव</u>**

बिहारमा विधानसभा चुनाव संपन्न भए पछि , एनडीएका पांच घटक दलहरुबीच नयाँ सरकार गठनलाई लिएर विचार-विमर्श चलिरहेको छ।

भाजपा, जनता दल (यूनाइटेड), लोक जनशक्ति पार्टी (रामविलास), हिंदुस्तानी आवाम मोर्चा र राष्ट्रीय लोक मोर्चा बीच नयाँ सरकारको स्वरूप, मंत्रिमंडलमा प्रतिनिधित्वको कोटा र अन्य प्रमुख पहलहरुमा लगातार चर्चा भैरहेको छ।

**शाह - उत्तर क्षेत्रीय परिषद बैठक**

गृहमन्त्री अमित शाहले आज हरियाणाको फरिदाबादमा उत्तरी क्षेत्रीय परिषदको बैठकको अध्यक्षता गर्नुहुनेछ। बैठकमा हरियाणा, हिमाचल प्रदेश, पञ्जाबका मुख्यमन्त्रीहरू, दिल्ली, जम्मू-कश्मीर र लद्दाखका उपराज्यपाल र चण्डीगढका प्रशासकहरू सहभागी हुनेछन् । परिषद्ले केन्द्र र राज्यहरूबीच सहकार्यात्मक संवादका लागि मञ्च प्रदान गर्दछ। उत्तरी छेत्रीय परिषद्को ३२ औँ बैठकमा प्रदेश सरकारहरूबीचको समन्वय, पानीको बाँडफाँड र विकास कार्यका विषयमा छलफल हुने सम्भावना छ। राज्य पुनर्गठन ऐन, १९५६ अन्तर्गत गठित, क्षेत्रीय परिषदहरूले राज्यहरूसँग सम्बन्धित मामिलाहरू हेर्नका लागि सल्लाहकार निकायको रूपमा कार्य गर्दछ। प्रधान मन्त्री नरेन्द्र मोदीको नेतृत्वमा क्षेत्रीय परिषदहरूको भूमिका परामर्शात्मक प्रकृतिबाट कार्य मञ्चमा परिवर्तन भएको छ।छलफलको माध्यमबाट, क्षेत्रीय परिषदहरूले महत्त्वपूर्ण सामाजिक-आर्थिक मुद्दाहरूमा राज्यहरू बीच एक समन्वित दृष्टिकोण विकास गर्न मद्दत गर्दछ।

**दिल्ली- एनआईए-पक्राउ**

राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले लाल किल्ला कार विस्फोट प्रकरणमा कश्मीरी नागरिक आमिर रशीद अलीलाई दिल्लीबाट पक्राउ गरेको छ । एजेन्सीका अनुसार आमिर रसिदले आत्मघाती हमलाकारी ओमार नबीसँग मिलेर षड्यन्त्र रचेका थिए जसमा १० निर्दोष व्यक्तिहरूले ज्यान गुमाएका थिए र लगभग २५ जना घाइते भएका थिए। एनआइएले आक्रमणमा संलग्न कार उनकै नाममा दर्ता भएको बताएको छ । आतंकवाद विरोधी एजेन्सीले नबीको अर्को गाडी पनि नियन्त्रणमा लिएको छ । यस मुद्दामा प्रमाणका लागि गाडीको जाँच भइरहेको छ।एनआईएले अहिलेसम्म 73प्रत्यक्षदर्शीसँग पूछताछ गरिसकेका छन् , जसमा विस्फोटमा घाइते भएका मानिसहरुपनि शामेल छन् । एनआईएले दिल्ली पुलिस, जम्मू-कश्मीर पुलिस, हरियाणा पुलिस, उत्तर प्रदेश पुलिस र विभिन्न सहयोगी एजेंसिहरुको साथ मिलेर काम गरिरहेको छ ।एजेन्सीले बम विस्फोटको पछाडिको ठूलो षड्यन्त्र पत्तो लगाउन र यस मामिलामा संलग्न अन्यको पहिचान गर्न धेरै सुराकहरू खोजिरहेको बताएको छ।

**हैदराबाद-उपराष्ट्रपति**

उपराष्ट्रपति सिपी राधाकृष्णनले सन् २०४७ सम्ममा विकसित राष्ट्र बनाउन सञ्चार संस्थालाई आह्वान गर्नु भएको छ। हैदराबादमा **आयोजित पहिलो रामोजी एक्सिलेन्स अवार्ड २०२५** को प्रस्तुति समारोहमा बोल्नु हुदै उहाले गलत सूचना र सामाजिक सञ्जालको प्रभुत्वको युगमा मिडियाले वास्तविक निष्पक्षता कायम राख्नुपर्ने बताउनु भयो । उपराष्ट्रपतिले ग्रामीण विकास र विज्ञान तथा प्रविधि गरी सात क्षेत्रमा रामोजी उत्कृष्टता पुरस्कार प्रदान गर्नुभयो ।यसअघि वक्ताहरूले रामोजी रावले तेलुगु भाषा, पत्रकारिता र मिडियाको क्षेत्रमा गरेका कामहरूको पनि स्मरण गरे।

**दुबई एयर शो**

**दुबई एयर शो आज सयुक्त अरब अमिरात -युएईमा सुरु भइरहेको छ । यस दुई दिवसीय प्रतियोगितामा भारतले आफ्नो रक्षा शक्ति प्रदर्शन गर्नेछ। एयर शोमा भारतीय वायु सेना, सूर्यकिरण एरोबेटिक टिम र एलसीए तेजस सहभागी हुनेछन्।भारतीय प्रतिनिधिमण्डलको नेतृत्व रक्षा राज्यमन्त्री सञ्जय सेठले गर्नु हुनेछ । भ्रमणका क्रममा श्री सेठले संयुक्त अरब अमिरातका रक्षा मन्त्रीसँग बैठक गर्नुहुनेछ। उहाँले भारत, संयुक्त अरब अमीरात, अस्ट्रेलिया, संयुक्त राज्य अमेरिका, ब्राजिल, बेलायत र इटालीका लगभग 50 कम्पनीहरूका प्रतिनिधिहरूको साथ भारतमा रक्षा प्रविधि र निर्माणमा सहयोग बढाउने सम्बन्धी गोलमेचको अध्यक्षता गर्नुहुनेछ। दुबई एयर शो एक**

**द्विवार्षिक कार्यक्रम हो जसमा एक सय पचास देशहरूबाट एक हजार भन्दा बढी प्रदर्शकहरू र प्रमुख अन्तर्राष्ट्रिय एयरोस्पेस कम्पनीहरू सहित एक लाख चालीस हजार भन्दा बढी उद्योग पेशेवरहरूले भाग लिने गर्छन्।**

## अनिवार्य घोषणा-पब्लिक स्पीक

आकाशवाणीको समाचार सेवा प्रभागले आज **राति साढे नौ** बजे फोन-इन कार्यक्रम **पब्लिक स्पीक** मा **राष्ट्रव्यापी डिजिटल जीवन प्रमाणपत्र अभियान 4.0** माथि परिचर्चा प्रसारण गर्नेछ। यस चर्चामा पेंशन र पेंशनभोगी कल्याण विभागका संयुक्त सचिव ध्रुबज्योति सेनगुप्ता, एसबीआईका मुख्य महाप्रबंधक अमृतेश मोहन र इंडिया पोस्ट पेमेंट्स बैंकका मुख्य महाप्रबंधक गुरुशरण बंसल शामेल हुनेछन्।

कार्यक्रमकोअवाधि , श्रोताले डिजिटल जीवन प्रमाणपत्र ऑनलाइन जमा गर्ने तरीका र उजुरी दर्ता गर्ने बिषयबारेमा प्रश्न सोध्न सक्नु हुनेछ।

प्रश्न सोध्नका लागि टेलीफोन नंबर रहेको छ - 0 1 1 - 2 3 3 1 0 4 8 1, 0 1 1 - 2 3 7 1 7 1 1 7, 0 1 1 - 2 3 7 1 7 1 0 6 र 0 1 1 - 2 3 3 1 4 4 4 4. व्हाट्सएप नंबर 9 2 8 - 9 0 9 - 4 0 4 4 मा पनि प्रश्न सोध्न सक्नु हुनेछ। आफ्नो प्रश्न **हैशटैग आस्क-ए.आई.आर.** को साथ **एक्स** मा पनि पोस्ट गर्नु सक्नु हुनेछ।

## केरल-एसआईआर

केरलका मुख्य निर्वाचन अधिकारी रतन यू. केलकरले बताए अनुसार राज्यमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण- **एसआईआर** अंतर्गत अहिलेसम्म दुई करोड़ 63 लाखभन्दा अधिक गणना प्रपत्र मतदाताहरुलाई वितरण गरिसकेको छ। यो संख्या कुल मतदाताहरुको 94 प्रतिशतभन्दा अधिक हो।

निर्वाचन आयोगले गत चार नवम्बरमा नौ राज्यहरु र तीन केंद्र शासित प्रदेशहरुमा **एसआईआर** को दोस्रो चरणको शुभारंभ गरेको थियो।

## मौसम

तमिलनाडु, पुदुच्चेरी, कराइकल, आन्ध्र प्रदेश, केरला र माहेमा आज भारी देखि धेरै भारी वर्षा हुने सम्भावना छ। मौसम विभागले आगामी दुई–तीन दिन अन्डमान र निकोबार द्वीपसमूहका केही स्थानमा मेघगर्जन र हावाहुरीको सम्भावना रहेको जनाएको छ। छत्तिसगढ, मध्य महाराष्ट्र, मध्य प्रदेश, राजस्थान र विदर्भमा आज शीतलहर हुने सम्भावना छ।

## आर्चरी जीटी ओपन

भारतीय तीरंदाज कुशल दलालले लक्जेम्बर्गमा जारी जीटी ओपन इन्डोर वर्ल्ड सिरिजको पुरुष कम्पाउन्ड वर्गको उपाधि जितेका छन्। कुशलले पूर्व विश्व नम्बर एक आर्चर अमेरिकाका स्टेफन ह्यान्सेनलाई डबल सुट अफमा पराजित गर्दै स्वर्ण पदक जितेका हुन्। यसअघि सेमिफाइनलमा कुशलले विश्व च्याम्पियन फ्रान्सका निकोलस जेरार्डलाई पराजित गरेका थिए। अन्डर–२१ पुरुष कम्पाउन्ड वर्गमा भारतका गणेश मणिरत्नम तिरुमुरुले कांस्य पदक जितेका छन्।

****** ० ******